नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-ः अभद्र व्यवहार ।**

**मि.नं.-४३६/२०८०/११/२१**

**वादी** **फैसला मितिः-२०८१/१०/२८** **प्रतिवादीहरु**

**उपेन्द्र पटेलको जाहेरीले**

**नेपाल सरकार.........................१**

**जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.१४ बस्ने सरवत पटेलको छोरा बर्ष २७ को बलराम पटेल समेत २ जना .........१**

प्रस्तुत मुद्दा यस कायालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

<u>तथ्य-खण्ड</u>

१. प्रतिवादीहरुले जाहेरवालाको भान्जालाई गाली गलौज तथा हातपात गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।
२. प्रतिवादीहरुले जाहेरवालाको भान्जालाई गाली गलौज तथा हातपात गरी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले जाहेरवालाको भन्जालाई गाली गलौज गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादी बलराम पटेलको बयान कागज।
४. जाहेरवालाको भान्जालाई गाली गलौज तथा हातपात गरी अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका रामबिरेश प्रसाद कुर्मी समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादी बलराम पटेल यस कार्यालयमा उपस्थित भई गरेको ईन्कारी बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

<u>ठहर-खण्ड</u>

यसमा प्रतिवादी बलराम पटेलले ईन्कारी बयान गरेता पनि मिति २०८०।१०।२८ गते अ.१९:०० बजेको समयमा जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.१४ स्थित सडकमा प्रतिवादीहरु बलराम पटेल र सागर दाहाल भन्ने सागर तुलाधरले म जाहेरवालाको भान्जा राजु कुमार पटेललाई बिभिन्न अपशब्द प्रयोग गरी गाली गलौज तथा हातपात गर्दै अभद्र व्यवहार गरेको हुँदा निजहरुलाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादी बलराम पटेलले गरेको बयान समेतको आधारमा यी प्रतिवादी बलराम पटेल र थमाउने म्याद समेत गुजारी अनुपस्थित रहेका प्रतिवादी सागर दाहाल भन्ने सागर तुलाधर समेतले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी प्रतिवादीहरुले जाहेरवालाको भन्जालाई गाली गलौज गरी अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी बलराम पटेललाई कैद दिन २०, जरिवाना रु.५०००/- अक्षरेपी पाँच हजार मात्र र अर्का प्रतिवादी सागर दाहाल भन्ने सागर तुलाधरलाई जरिवाना रु.१००००/- अक्षरेपी दस हजार मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

<u>तपसिल खण्ड</u>

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी बलराम पटेललाई ठहरेको कैद दिन २० को हकमा निज मिति २०८०/११/०१ देखि २०८०/११/२० सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा र.नं.४१९/२०८०/११/२१ दाखिला गरेको धरौटी रकम रु.५०००/- बाट जरिवाना रकम रु.५०००/- कट्टी गर्नु र म्याद समेत गुजारी अनुपस्थित प्रतिवादी सागर दाहाल भन्ने सागर तुलाधरलाई ठहरेको जरिवाना रकम रु.१००००/- असुल उपर गर्न जिल्ला प्रहरी कार्यालय पर्सालाई पत्र लेख्नु---------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादी बलराम पटेललाई लाई पुनरावेदनको म्याददिनु र म्याद गुजारी अनुपस्थित प्रतिवादीको हकमा पुनरावेदन म्याद दिई रहनु परेन --------------------------१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-------------------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ माघ महिना २८ गते सोमवार रोज २/ ने.सं. ११४५ सिल्लाध्व त्रयोदशी, शुभम् ........